फ्लोरिकल्चर एशोसिएसन नेपालको विधान

संसोधन

(**FAN** को २४ औ बार्षिक साधारण सभाद्वारा संसोधित बिधान मस्यौदा) संसोधीत अंश मात्र

बि.स.२०४९

| दफा | साबिक बिधानमा भएको व्यवस्था | २४ वार्षिक साधारण सभाबाट संसोधन तथा थप व्यवस्था | कैफियत |
|---|---|---|---|
| दफा ८ (झ) | *८. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :*** *यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।* *झ) पुष्प र पुष्पजन्य उत्पादन र सोका लागि आवश्यक सामाग्री बिक्रि बितरण, आयात निर्यात गर्ने गरि सम्बन्धित निकायमा दर्ता गरि कार्यरत व्यक्ति, नर्सरी, फर्म, कम्पनी, वा संघ संस्थाको तत्कालिन प्रमुख भएको ।* | ८. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :** यस संस्थाको सदस्यको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ । झ) पुष्प र पुष्पजन्य उत्पादन र सोका लागि आवश्यक सामाग्री बिक्रि बितरण, आयात निर्यात गर्ने गरि सम्बन्धित निकायमा दर्ता गरि कार्यरत व्यक्ति, नर्सरी, फर्म, कम्पनी, वा संघ संस्थाको प्रमुख भएको । | तत्कालिन शब्द हटाउन बान्छनिय भएकोले । |
| दफा ९ (ज) | ***९.संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:*** *देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन् ।* *ज) पुष्प र पुष्पजन्य उत्पादन, बिक्रि बितरण, आयात निर्यात गर्ने गरी सम्बन्धित निकायमा दर्ता गरी कार्यरत व्यक्ति, नर्सरी, फर्म, कम्पनी, वा संघ संस्थाको तत्कालिन प्रमुख नभएको ।* | **९.संस्थाको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था:** देहायको अवस्थामा कुनै व्यक्तिले संस्थाको सदस्यता प्राप्त गर्न सक्ने छैन् । ज) पुष्प र पुष्पजन्य उत्पादन, बिक्रि बितरण, आयात निर्यात गर्ने गरी सम्बन्धित निकायमा दर्ता गरी कार्यरत व्यक्ति, नर्सरी, फर्म, कम्पनी, वा संघ **संस्थाको प्रमुख** नभएको । | तत्कालिन शब्द हटाउन बान्छनिय भएकोले । |
| दफा १० (१) छ | ***१०.सदस्यताको समाप्ती :*** *१. देहायको अवस्थामा कुनै व्यक्तिको फ्लोरिकल्चर एसोसिएसनको सदस्यता समाप्त हुनेछ ।* *छ) सदस्यता नविकरण २ बर्ष भित्र नगराएमा ।* | **१०.सदस्यताको समाप्ती :** १. देहायको अवस्थामा कुनै व्यक्तिको फ्लोरिकल्चर एसोसिएसनको सदस्यता समाप्त हुनेछ । छ) सदस्यता नविकरण **५ बर्ष** भित्र नगराएमा । | २ बर्षको सट्टमा ५ बर्ष गर्न बान्छनिय भएकोले । |
| दफा १२ (३) | ***१२. साधारण सभाको गठन :*** *३.**विशेष साधारण सभा :** संस्थाको तत्काल कायम कुल सदस्यको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभाको लिखित माग गरेमा वा कार्य समितिले बिशेष परिस्थिती सृजना भएको ठहर गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तिमा १५ (पन्ध्र) दिनभित्र अनिवार्य* | ***१२. साधारण सभाको गठन :*** ३. **विशेष साधारण सभा :** संस्थाको तत्काल कायम कुल सदस्यको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभाको लिखित माग गरेमा वा कार्य समितिले बिशेष परिस्थिती सृजना भएको ठहर गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तिमा १५ (पन्ध्र) | |

१

| | | | |
|---|---|---|---|
| | रुपमा बोलाउनु पर्नेछ । तर साधारण सभा **वा विशेष सभा** बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन । | दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर साधारण सभा ***वा विशेष साधारण सभा*** बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन । | बिशेष शब्द छुटेकोले थप गर्न बान्छनिय भएकोले । |
| दफा १४ (२) | ***१४ कार्य समितिको गठन***<br>२. कार्यसमितिको कार्यकाल २ वर्षको हुने छ । | **१४ कार्य समितिको गठन**<br>२. कार्यसमितिको कार्यकाल **३ वर्षको** हुने छ । | ३ बर्षको कार्यकाल उपयुक्त हुने भएकोले । |
| दफा १४ (३) | ३. बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिने छ । यसरी सो पदमा ***निर्वाचन भएको*** सदस्यको कार्यकाल जुन सदस्य पद रिक्त भएको हो, सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ । | ३. बार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्यसमितिमा रहेको **अध्यक्ष बाहेक कुनै पदाधिकारी वा सदस्यको पद** रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका पदाधिकारी वा सदस्यको मनोनयन कार्य समितिद्वारा गर्न सकिने छ । यसरी सो पदमा **मनोनित भएको** पदाधिकारी वा सदस्यको कार्यकाल जुन पदाधिकारी वा सदस्य पद रिक्त भएको हो, सो पदाधिकारी वा सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुने छ । | अध्यक्ष बाहेक कुनै पदाधिकारी वा सदस्यको पद रिक्त हुन आएमा थप गर्न बान्छनिय भएकोले ।<br><br>निर्बाचित शब्दको सट्ट मनोनित राख्न उपयुक्त हुने भएकोले । |
| दफा १९ (१) | ***१९. गणपुरक संख्या***<br>१. तत्काल कायम रहेका कुल सदस्य संख्याको ६७% (एकाउन्न प्रतिशत) साधारण सदस्यहरूको उपस्थित नभै साधारण सभाको काम कारबाही हुने छैन । | **१९. गणपुरक संख्या**<br>१. तत्काल कायम रहेका कुल सदस्य संख्याको **६७% ( सतसठी प्रतिशत)** साधारण सदस्यहरूको उपस्थित नभै साधारण सभाको काम कारबाही हुने छैन । | सर्च्याइएको |